# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बैदौली, कपिलवस्तु

**पूर्ण साक्षरताको दिगोपन कार्यक्रम कार्यान्वयन कार्यशर्त तथा प्रस्तावपत्र २०८१/८२**

१. परिचय

यशोधरा गाँउपालिका गाउँ कार्यपालिकाको कार्यालय आ.व.२०८१/८२ को स्वीकृत वार्षिक कार्यकममा बिभिन्न किसिमका कार्यक्रमहरु समावेश गरी बिभिन्न कार्यक्रमहरु सन्चालनको लागि बजेट व्यवस्था रहेको छ । उपरोक्त कार्यकम कार्यान्वयन गाउँपालिकाको आफ्नो तालिम प्रदान गर्ने निकाय तथा प्रशिक्षक नभएकोले सामुदायिक तथा निजी तालिम प्रदायक संस्था मार्फत गर्नुपर्ने देखिन्छ । बिद्यालय जानबाट बञ्चित बालबालिकाहरुको शैक्षिक बिकास तथा क्षमता विकास कार्यक्रम लक्षित वर्गका समुदायहरुलाई प्राथमिकता सहित रोजगारमा सहजताका लागी प्रदान गर्नुपर्ने देखिन्छ । खास गरि सुविधा विहिन समूहका लागि रोजगार पाउन, बिभिन्न रोजगार स्वरोजगार ब्याक्तिहरुको लागी थप प्रभावकारी हुन र आय आर्जनमा सहयोग पुगी यस कार्यालयबाट प्रयत्क्ष लाभान्वीत हुनेछन् । गाँउपालिकाद्वारा सन्चालन गर्ने कार्यक्रमहरु गुणस्तरीय, बजारमुखी, व्यवहारिक, स्व–रोजगारमूलक एवं रोजगारमुखी बनाई सन्चालन गर्ने आवश्यक देखिएको छ । स्थानिय स्तरमा बिभिन्न शिक्षकहरुको गुणस्तर बृद्धिका लागी बिषयगत अनुशिक्षण लगायतका कार्यक्रम संचालन गरी सैद्धानितक तथा प्राबिधिक शिक्षामा जोड दिई यस क्षेत्रको शैक्षिक बिकासमा योगदान दिनु गाउँपालिकाको प्राथमिकता हो ।

कार्यक्रमका लागि संस्थाले कार्यकमले तोकेको सेवा तथा सर्तको अधिनमा रही गाउँपालिका कार्यालयसगँको समन्वयमा सहभागी छनौट गर्ने, कार्यक्रम सन्चालन गर्ने गराउने, परामर्श सेवा प्रदान गर्ने व्यवस्था मिलाउन पहल गनेछ । यसै उद्देश्य प्राप्तिको लागी चालु आ.व.२०८१/८२ मा विभिन्न कार्यकमहरु सन्चालन गर्ने कार्यकम रहेकोले सो कार्यक्रम सन्चालनको लागि कार्यक्रम कार्यान्वयन विधि र यो कार्यनिर्देश शर्त (TOR) तयार गरिएको छ ।

प्रमुख प्रशासकिय अधिकृत

आ.व. २०८१/८२ मा गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुसार निम्नअनुसारका कार्यक्रमहरु रहेका छन् ।

| क.सं. | कार्यक्रमको नाम | बिषय क्षेत्र | बजेट |
|---|---|---|---|
| १. | पूर्ण साक्षरताको दिगोपन | क्षमता बिकास | ९,००,०००।- |

**२. आवश्यकता र औचित्य**

प्रस्तुत कार्यक्रमले यशोधरा गाउँपालिका अर्न्तगतका बिभिन्न समुदायमा रहेको बिद्यालय जानबाट बन्चित रहेका बालबालिकाहरुलाई बिषयगत अनौपचारिक शिक्षामा पहुँच प्रदान गरी यस क्षेत्रको शैक्षिक बिकासका माध्यमबाट प्रत्यक्ष लाभान्वित हुने अपेक्षा राखिएको छ ।

**३. कार्यक्रमको लक्ष्य तथा उद्देश्य**

**क. लक्ष्य**

कार्यक्रमको माध्यमबाट यशोधरा गाउँपालिका क्षेत्रमा रहका बिद्यालय जानबाट बन्चित बालबालिकाहरुलाइ सैद्धान्तिक शैक्षिक बिकास गरी अध्ययन अध्यापनमा सहजता प्रदान गर्ने ।

**ख. उदेश्य**

यस गाउँपालिकाबाट यस गाउँपालिका क्षेत्रमा रहेका बिभिन्न बिद्यालयहरुमा यो कार्यक्रम सन्चालन गर्नुको निम्न उदेश्यहरु रहेका छन् ।

- बिद्यालय जानबाट बन्चित बालबालिकाहरुलाई साक्षर बनाईने ।
- बैकल्पिक बिद्यालय शिक्षा मार्फत बिद्यालय जान नपाउने र बिचमा नै बिद्यालय छाड्नेहरुलाई बिद्यालय शिक्षाको अवसर प्रदान गरिने ।
- सचेतनाका लागी मौखिक साक्षरता अभियान संचालन गरिने ।
- बिद्यार्थी अनुकुल प्रशिक्षण बिधि तर्फ अभिप्रेरित गरिने ।
- बिद्यार्थीहरुको मनोवल बृद्धि गराई शिक्षण पद्धतिलाई समयसापेक्ष परिमार्जन गर्दै जाने ।
- बिद्यार्थीहरुको बिज्ञतामा अभिबृद्धि गर्ने ।

**४. अपेक्षित उपलब्धी**

कार्यक्रम समाबेस भए पश्चात निम्न उपलब्धिहरु हाँसिल हुनेछन् ।

- लक्षित वर्ग शिक्षा बारे जानकार हुनेछन ।
- शैक्षिक गतिबिधी समयसापेक्ष हुनेछ ।
- बिषयगत बिज्ञतामा पृष्ठपोषण हुनेछ ।
- उत्पादकत्व र कार्यकुशलता बढ्ने र फलस्वरुप पारिश्रमिकमा वृद्धि हुनेछ ।

**५. तालिमको विषय तथा क्षेत्र**

आर्थिक वर्ष २०८१।८२ मा पूर्ण साक्षरताको दिगोपन तालिमको अवधि कार्यान्वयन हुने स्थान र तालिम समूह तथा सहभागिको संख्या तपशिल अनुसार हुनेछ ।

| तालिमको विषय | अवधि | समूह संख्या | सहभागी संख्या | कार्यन्वय हुने स्थान र विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | स्थान | समूह | प्रति समूह सहभागी संख्या | |
| पूर्ण साक्षरताको दिगोपन | ३० दिन ( प्रतिदिन २ घण्टा) | ८ | १६० | यशोधरा गाउँपालिकाका प्रत्येक वडाहरु | ८ | २० | |

**६. लागत अनुमान**

गाउँपालिकाले संन्चालन गर्ने कार्यक्रमको नर्मस तथा लागत अनुमान गाउँपालिकाले स्वीकृत गरे अनुसार हुनेछ ।

**७.सूचना प्रकाशन तथा प्रस्ताव आव्हान तथा परामर्शदाताको योग्यता**

(१) पालिकाले यस कार्यक्रम सञ्चालन गर्न संस्था छनौट प्रस्ताव आहवान गरी सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२) सूचना प्रकाशन गर्दा देहायबमोजिमको प्रक्रिया पुऱ्याउनु पर्नेछः–

(क) पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्ने ।

(ख) प्रथम पटक सूचना प्रकाशन गर्दा स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्ने गरी प्रस्ताव पेश हुन नआएमा पुनः सात दिनको लागी दोस्रो पटक प्रस्ताव आव्हान गर्ने ।

**कार्यक्रम संन्चालन गर्न तालिम प्रदायक (परामर्शदाता) हरुको योग्यता**

**<u>क. कार्यक्रम संन्चालन गर्न तालिम प्रदायक (परामर्शदाता) हरुको योग्यता निम्नअनुसार हुनेछ ।</u>**

१. प्रचलित कानून अनुसार दर्ता भएको र आ.व.२०८१/२०८२ सम्मको लागी नवीकरण तथा अध्यावधिक गरेको पत्र ।

२. मूल्य अभिवृद्धि कर (VAT) मा अनिवार्य दर्ता भएको ।

३. आ.व.२०८०/२०८१ सम्मको करचुक्ता प्रमाण पत्र भएको ।

४. प्रचलित कानून अनुसार कसुर नगरेको र कुनै पनि निकायमा कालो सूचिमा नपरेको ।

५. तालिम प्रदायक संस्थाले प्राविधिक तथा आर्थिक प्रस्तावना अलग अलग प्रस्ताव पेश गर्नुपर्नेछ ।

६. प्रस्ताव पेश गर्ने तालिम प्रदायक संस्था कम्तिमा ५ वर्षको अनुभव हुनु पर्ने छ ।

७. कार्य अनुभवको लागी कार्य सम्पन्न पत्र पेश भएको हुनुपर्नेछ ।

८. ईच्छुक तालिम प्रदायक संस्थाले गाउँपालिकाले उपलब्ध गराएको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नुपर्नेछ ।

**ख. तालिम प्रदायकले तालिमका लागि तपलि अनुसारको प्रशिक्षकको व्यवस्था गर्नुपर्नेछ ।**

१. तोकिए बमोजिमको योग्यता भएका एक समूह (बढिमा २० जना) को लागि १ जना प्रशिक्षक हुनेछ। बजेट उपलब्धताको आधारमा समूह तथा प्रति समूह संख्या गाउँपालिकाको सिफारिस अनुसार घटबढ गरी तोक्न सक्नेछ।

२. प्रशिक्षार्थि प्रशिक्षक अनुपात बढिमा २०:१ हुनेछ जो समूहगत तोकिएको संख्याको आधारमा प्रतिकक्षा १ जना प्रशिक्षक हुनेछन्।

**ग. उक्त कार्यक्रमहरु संचालनको क्रममा तालिम प्रदायक संस्थाले मुख्य रुपमा देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ।**

१. कार्यक्रम संचालन गर्नु पूर्व गाउँपालिकासँग समन्वय गरी कार्यक्रम कार्यान्वयन योजनालाई अन्तिम रुप दिनु पर्नेछ।

२. प्रभावकारी रुपले कार्यक्रम संचालन गर्न आवश्यक तालिम कक्ष तथा तालिम स्थल, तालिमको लागि आवश्यक यन्त्र उपकरण, औजार , कच्चा पदार्थ र तालिम सामाग्रीहरु समयमा नै प्रर्याप्त मात्रामा व्यवस्था गर्नुपर्ने छ।

३. कार्यक्रम संचालनको सिलसिलामा आवश्यक अन्य व्यवस्था मिलाउने सम्पूर्ण जिम्मेवारी तालिम संचालन गर्ने तालिम प्रदायकको नै हुनेछ।

**घ. तालिम प्रदायक संस्थाका मुख्य जनशक्तिको पद नाम तथा योग्यता।**

**क. कार्यक्रम व्यवस्थापक**

१. शैक्षिक योग्यताको हकमा कम्तिमा मान्यता प्राप्त संस्थाबाट सम्बन्धित क्षेत्रमा प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण गरेको हुनुपर्नेछ।

२. कार्यक्रम व्यवस्थापक भई हाल कार्यरत रहेको हुनुपर्नेछ।

**कार्यक्रम व्यवस्थापकले गर्नुपर्ने कामहरु**

१. सम्झौता बमोजिमको कार्यक्रम प्रभावकारी संचालन गर्न नियमित अनुगमन गर्ने,

२. कार्यक्रम गर्न तोकिएका निकायसँग मूख्य समन्वयकर्ता भई कार्य गर्ने,

३. कार्यक्रम व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी लिई गुणस्तर कायम गर्न सहयोग गर्ने।

**ख. प्रशिक्षक**

**प्रशिक्षकले गर्नुपर्ने कामहरु**

१. तालिम योजना तयार गर्ने,

२. तालिम योजना अनुसार तालिमको पूर्व तयारी गर्ने,

३. तालिममा सहभागीहरुबाट र अनुगमनकर्ता तथा सुपरिवेक्षकबाट प्राप्त पृष्ठपोषण लिई गुणस्तरीय तालिमको लागि आवश्यक सुधार ल्याउने,

४. तालिम दिँदा आईपर्ने समस्याहरु बारे समयमै सम्बन्धित व्यवस्थापकलाई अविलम्ब जानकारी दिई समस्या समाधान गर्ने।

CamScanner

**प्रशिक्षकको योग्यता**

१. मुख्य प्रशिक्षकको हकमा सम्बन्धित विषयमा कम्तीमा प्रमाण पत्र तह उत्तिर्ण गरी शिक्षक अनुमति भएको हुनु पर्ने छ ।

२. सहायक प्रशिक्षकको हकमा सम्बन्धित विषयमा कम्तीमा प्रमाण पत्र तह उत्तिर्ण भएको हुनु पर्ने छ ।

**८. तालिम प्रदायक संस्थाले काम शुरु गर्ने र सम्पादन गरिसक्नुपर्ने समय**

गाउँपालिकासँग सम्झौता भए पछि काम शुरु गर्नुपर्नेछ । साथै सम्पूर्ण तालिम कार्यक्रम ढिलोमा २०८२ जेष्ठ मसान्त भित्रमा सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ । यदि म्याद थप गर्नु पर्ने भए मनासिव कारण सहित म्याद थपको निवेदन पेश गरेमा गाउँपालिकाले २०८२ आषाढ १० सम्म समयावधि थप गर्न सक्नेछ ।

**९. तालिम प्रदायक संस्था छनौट**

**क. प्राविधिक तथा आर्थिक प्रस्ताब माग गर्ने**

क. तालिम प्रदायक संस्था वा परामर्शदाताले गाउँपालिकाबाट प्राविधिक तथा आर्थिक प्रस्तावको सूचना प्रकाशन भए अनुसार प्रस्ताव पेश गर्ने सूचना प्राप्त गरे पश्चात प्राविधिक तथा आर्थिक प्रस्ताव प्राप्त गर्ने, प्राप्त प्रस्ताव तयार गरी पेश गर्ने, प्रस्ताव स्वीकृत भएमा गाउँपालिका र तालिम प्रदायक बिच भएको सम्झौताका शर्तहरु बमोजिम तालिम कार्यक्रम संचालनको क्रममा आईपर्ने समस्याहरु, अन्य आवश्यक विषय र परिस्थितिमा सूचना आदान प्रदान गर्नु परेमा गाउँपालिकामा सम्पर्क गर्नु पर्नेछ । साथै आर्थिक कारोबार तथा करको सम्बन्धमा गाउँपालिकाको आर्थिक प्रशासन शाखामा सर्म्पक गर्नुपर्नेछ ।

**ख. प्रस्ताव पेश गर्ने**

प्रस्तावदाताले आर्थिक र प्राविधिक सहितको प्रस्ताव गाउँपालिकामा पेश गर्ने सूचना बमोजिमको मिति र समय सम्ममा कार्यालय समय भित्र प्राविधिक प्रस्तावमा तोकिएका कार्यहरु सम्पन्न गर्न प्रस्तावित कार्यविधि (Methodology), कार्ययोजना (Work-plan), जनशक्तिको वैयक्तिक विवरण (CV) तथा प्रस्तावमा उल्लेखित शैक्षिक योग्यता तथा अनुभवलाई प्रमाणित गर्ने कागजात लगायतका आवश्यक कागजातहरु तथा निर्देशन महलमा उल्लेख भए बमोजिम समावेश गर्नुपर्नेछ । आर्थिक प्रस्तावनामा मूं.अ.कर रकम छुट्याई तालिम संचालनको लागी प्रस्तावदाताले आर्थिक प्रस्तावको ढाँचामा उल्लेख भए अनुसार पेश गर्नुपर्नेछ । प्राविधिक र आर्थिक प्रस्तावको प्रत्येक पानामा परामर्शदाता संस्थाको कार्यकारी प्रमुखले सही गरी संस्थाको छाप लगाएको हुनुपर्नेछ ।

सार्वजनिक खरिद ऐन नियमावली अनुसार सेवा परामर्शको लागी सार्वजनिक सूचना प्रकाशन गरी तालिम प्रदायकहरुलाई प्रस्ताव सम्बन्धि कागजात उपलब्ध गराई कम्तिमा ७ दिनको समय दिई निजहरुबाट प्रस्ताव माग गरिनेछ । प्राविधिक तथा आर्थिक प्रस्तावको मान्य अवधि प्रस्ताव पेश गर्ने अन्तिम मिति देखि ६० दिन सम्म हुनेछ । माग गरिएको प्राविधिक र आर्थिक प्रस्तावनाको संलग्न ढाँचा बमोजिम विवरण भरी समावेश गरी

प्रस्ताव तयार गर्नुपर्नेछ । प्राविधिक प्रस्तावतर्फ प्रस्तावदाताले प्रस्ताव गरेको प्रमुख जनशक्तिको आफ्नो हाल सालैको व्यक्तिगत विवरण सत्य र पूर्ण रहेको कुरा प्रमाणित गरेको हुनुपर्नेछ ।

**१०. मूल्याङ्कनको आधार**

प्राविधिक प्रस्ताव मूल्याङकन गरेपछि मात्र आर्थिक प्रस्ताव मूल्याङ्कन गरिनेछ । लागत र गुणस्तर विधिद्वारा आर्थिक प्राविधिक प्रस्ताव मूल्याङ्कन गरिनेछ । प्रभावकारी रुपमा तालिममा संचालनका लागि प्रस्ताव पेश गर्दा संलग्न गरेको जनशक्तिका अलावा थप जनशक्ति परामर्शदाताले प्रस्ताव गर्न सक्नेछ । प्रस्तावदाताले कार्यक्षित्रगत शर्तमा टिप्पणी गर्न पाउने छैन । प्रस्तावित कार्य गर्न आवश्यक पर्ने रकम गाउँपालिकाको चालु आ.व.२०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रममा बाँडफाड भएको श्रोतबाट व्यहोरिनेछ । प्रस्ताव मूल्याङ्कनको लागि तालिमको गुणस्तरलाई समेत ध्यान दिनु पर्ने भएकोले गुणस्तर र लागत विधि अपनाई यस कामको प्रकृती अनुसार प्राविधिक प्रस्तावको मूल्याङ्कन देहाय बमोजिम आधारमा गरिनेछ ।

| क.सं | मूल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| १. | प्राविधिक प्रस्तावसँग मागिएका कुराहरुको पूर्णता | १५ |
| २. | सम्बन्धित विषयमा तालिम दिएको अनुभव | २० |
| ३. | तालिम सुविधाको उपलब्धता | १५ |
| ४. | कार्यक्रम कार्यान्वय विधि | २० |
| ५. | प्रस्तावित जनशक्तिको योग्यता, तालीम र अनुभव | २० |
| ६. | गाउँपालिकामा सुचि दर्ता भएको परामर्शदाता | १० |
| | **जम्मा** | **१००** |

प्रस्तावको छनौंट गर्न गुणस्तर र लागत विधि अपनाईने भएकोले देहाय बमोजिम प्राविधिक र आर्थिक प्रस्तावको मूल्याङ्कन गरी सफल प्रस्तावदाताहरुको प्रस्ताव स्वीकृत गरी छनौट गरिनेछ ।

**क. प्राविधिक प्रस्तावको खुद प्राप्ताङ्ग**

$$\frac{\text{प्राविधिक प्रस्तावको खुद प्राप्ताङ्क} \times ८०}{१००}$$

**ख. आर्थिक प्रस्तावको खुद प्राप्ताङ्क**

$$\frac{\text{आर्थिक प्रस्तावमध्ये सबैभन्दा घटी कबोल अङ्क} \times २०}{\text{प्रस्तावदाताको आफ्नो कबोल अङ्क}}$$

ग. माथि (क) र (ख) मा प्राप्त गरेको खुद प्राप्ताङ्क जोडी संयुक्त मूल्याङ्कन गर्दा सबै भन्दा बढी अंक पाउने प्रस्तावदाता सफल हुने हँदा निजलाई तालिम संचालनको लागि छनौट गरिनेछ ।

**११. तालिम प्रदायक संस्थाको दायित्व**

कार्यक्रम प्रदायक संस्थाले सम्फौता बमोजिम तोकिएको अवधिभित्र कार्य सम्पन्न गरिसकेपछि पनि सम्फौताको म्याद समावेस भएको दिनबाट थप १ महिनाको दायित्व अवधि रहनेछ । उक्त अवधि भित्र परामर्शदाताले संचालन गरेको तालिमको सम्बन्धमा कुनै समुहमा सिकायत प्राप्त भएमा त्यस्तो समूहमा पुनः कार्यक्रम संचालन गर्नुपर्नेछ र उक्त कार्यका लागि लाग्ने खर्च तालिम प्रदायकले नै व्यहोर्नु पर्नेछ । साथै आचरण सम्बन्धमा कुनै सिकायत प्राप्त भएमा आचरण महलमा उल्लेख भए बमोजिम हुनेछ । तालिम संचालनको क्रममा गाउँपालिकालाई कुनै कर तथा दायित्व व्यहोर्नु पर्ने भएमा सो को जिम्मेवार सम्बन्धित तालिम प्रदायक स्वयम् हुनेछ ।

**१२. तालिम संचालनको अनुगमन  तथा सुपरीवेक्षण तथा सिफारिस**

कार्यक्रम संचालनको क्रममा बीच तालिमको अनुगमन सुपरीवेक्षण गर्न गाउँपालिकाका पदाधिकारी र कर्मचारीहरु पनि खटाईनेछ । खटिएका कर्मचारीहरुले देहायका बुदाँहरु समेत समावेश गरी आफ्नो राय तथा प्रतिवेदन पालिका समक्ष पेश गर्नुपर्नेछ ।

क. तालिम व्यवस्थित रुपमा सम्पन्न भए नभएको?

ख. तालिम संचालनबाट उल्लेखित उदेश्य प्राप्ति भए वा नभएको ?

ग. तालिम संचालनका लागि आवश्यक जनशक्ति तथा भौतिक सुविधाको व्यवस्था पर्याप्त मात्रामा गरिए नगरिएको?

घ. तालिममा प्रशिक्षार्थिहरुको तोकिएको संख्यामा उपस्थित भए नभएको र सहभागिको सक्रिय सहभागिता रहे नरहेको?

ङ. तालिम संचालन लागि निर्धारित ढाँचा तथा प्रक्रिया पुरा गरे नगरेको?

च. तालिम निर्धारित मिति,समय,स्थान तथा समूहमा संचालन भए नभएका?

छ. निर्धारित कार्ययोजना अनुसार कार्य सम्पन्न भए नभएको?

ज.उपयुक्त समय र कार्यालयको निर्धारित ढाँचामा सम्बन्धित निकायमा प्रतिवेदन पेश गरे नगरेको ?

झ. तालिममा प्रशिक्षक तथा प्रशिक्षार्थीहरुले दैनिक हाजिरी दस्तखत गरे नगरेको?

**१३. आचरण**

गाउँपालिका तथा परामर्शदाताको लागी देहाय बमोजिमको आचार संहिता लागु हुनेछ ।

क. छनौट भएको परामर्शदाताले कार्यक्षेत्रगत शर्त (TOR) तथा सम्फौतामा उल्लेख भएको शर्तको अधिनमा रही तोकिएको समयावधि भित्रै काम सम्पन्न गरी सक्नुपर्नेछ ।

ख. प्रस्ताव पेश गर्दा प्रस्तावदाताले गलत विवरण समावेश गरी प्रस्ताव पेश गर्न पाइनेछैन । गलत विवरण तयार गरी प्रस्ताव पेश हुन आएमा सो को छानवीन गरी तथा गलत विवरण समावेश भएको पाइएमा सम्बन्धित प्रस्तावदाताहरुको प्रस्ताव रद्द गर्न समेत सकिनेछ ।

ग. सो सम्झौताको कार्यान्वयको अवधि तथा सो सम्झौता समाप्त भए पश्चात पनि सेवा सँग सम्वन्धित प्राप्त कुनै गोप्य कुरा राख्नुपर्ने सूचना वा अन्य कुरा पालिकासगँ लिखित रुपमा अनुरोध गरी स्वीकृत प्राप्त नगरेसम्म गोप्य नै राख्नुपर्नेछ ।

घ. गाउँपालिकाले प्रस्तावमा उल्लेख भए बमोजिम समयमै प्रतिवेदन पेश भएपछि सम्झौतामा तोकिएको समयावधि भित्रै सेवा शुल्क रकम भुक्तानी दिइनेछ ।

**१४. भुक्तानी प्रक्रिया**

प्रस्ताव पेश गर्ने प्रस्तावदाताहरु मध्ये तालिम सञ्चालन सेवा उपलब्ध गराउनका लागी छनौट भइसकेपछि पालिका तथा सम्बन्धित परापर्शदाता बिच सम्झौता गरिनेछ । उक्त सम्झौतामा परामर्शदातालाई भुक्तानीका सम्बन्धमा देहाय बमोजिमको सर्त समेत समावेश गरिनेछ ।

क.तालिम प्रदायकले प्रस्तावमा तोकिएको सेवा प्रदान गरिसकेपछि पालिकाले ताकिएको ढाँचामा "कार्य सम्पन्न प्रतिवेदन" का साथ आवश्यक बिल भरपाई तथा अन्य कागजातहरु पालिका समक्ष पेश गर्नु पर्नेछ ।

ख. तालिम प्रदायकले पालिका समक्ष लिखित निवेदनका साथै आवश्यक कागजात सहित भुक्तानी माग गरेकोमा र आवश्यक कागजात दुरुस्त भएमा सो मितिले २ हप्ता भित्र भुक्तानी दिईनेछ ।

ग. तालिम प्रदायक संस्थाका लागि गरिने भुक्तानी तरिका

- तालिम प्रदायक संस्थालाई कार्यक्रम सञ्चालन बापत गरिने भुक्तानी एकमुष्ठमा आधारीत हुने छ ।
- रकमको भुक्तानी दिदाँ एकमुष्ठ रुपमा कार्य सम्पन्न पश्चात् नियमाअनुसार दिइनेछ ।
- कार्य सम्पन्न प्रतिवेदन प्राप्त नभए भुक्तानी गरिनेछैन ।

**१५. क्षतिपूर्ति तथा हर्जाना सम्बन्धि व्यवस्था**

क.तालिम प्रदायकको ढिला सुस्ती वा अन्य कारणले प्रस्ताव तथा पछि सम्पन्न गरिने सम्झौतामा तोकीए बमोजीम तालिम कार्यक्रम सम्पन्न हुन नसकेमा हुन नसकेको कामका लागी लाग्ने सम्पूर्ण खर्च सम्बन्धित तालिम प्रदायकले नै व्यहोर्नु पर्नेछ ।

ख. यस (TOR) सहितको प्रस्तावमा उल्लेख भएका कुराहरुको हकमा सोहि बमोजिम र सो बाहेक अन्य कुराहरुको हकमा प्रचलित कानुन कार्यविधि तथा मापदण्ड बमोजिम हुनेछ ।

**१६. तालिम सञ्चालन कार्य प्रक्रिया र कार्य सर्तहरु**

१. तालिम सञ्चालन गर्न छनौट हुने तालिम प्रदायक फर्म/ संस्था वा कम्पनीले यस गाउँपालिकाबाट तोकिएको स्थानमा तालिम प्रदान गर्नुपर्नेछ ।

२. तालिममा सहभागी हुन ईच्छुक प्रशिक्षार्थिका लागि शिक्षा शाखाको समन्वयमा सहभागी छनौट गर्नुपर्नेछ ।

३. तालिमका लागि अति आवश्यकता पहिचान गरी विशेष प्राथमिकता दिईने निती रहेको हुँदा प्रशिक्षार्थी छनौट गर्दा ईच्छुक प्रशिक्षाथी मध्ये उल्लेखित प्रशिक्षार्थीहरु छनौट गर्नुपर्नेछ ।

४. तालिमको सुपरिवेक्षण गाउँपालिका, वडा लगायत तालुक निकायबाट जुनसुकै बखत हुन सक्नेछ ।

५. तालिम सञ्चालनको अवधिमा गाउँपालिका तथा तालुक र मातहतका निकाय तथा पदाधिकारी बाट अनुगमन गरिने भएकाले तालिम सञ्चालन स्थान, अवधि र अन्य विवरण गाउँपालिकामा अग्रीम जानकारी गराउनु पर्नेछ ।

६. तालिम सैद्धान्तिक र व्यवहारिक ज्ञान दिने गरी सञ्चालन गर्नुपर्नेछ ।

७. तालिम समापन पछि प्रशिक्षार्थीहरुको हाजिरी तथा व्यक्तिगत विवरण लगाएत सम्झौतामा उल्लेखीत कुराहरु समावेश गरी तालिम प्रदायकले गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

८. प्रशिक्षाथीहरुको लागी आवश्यक पर्ने तालिम सामाग्री, प्रयोगशाला, प्रशिक्षण सामाग्री लगायत तालिमसँग सम्बन्धित सेवाहरु प्रदायक संस्थाले तालिम स्थलमा प्रयोगात्मक कार्यको लागी अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ ।

९. तालिम प्रदायकले प्रशिक्षार्थीबाट कुनै शल्क, दस्तुर आदि उठाउन वा दिन पाउने छैन ।

१०. तालिम समापन पछि प्रशिक्षार्थीलाई गाउँपालिकाको समन्वयमा सेवा प्रदायकले प्रमाण–पत्र तयार गरिदिनुपर्नेछ ।

११. तालिम प्रदायकले तालिम सञ्चालन हुनु अगाडी तालिम शुरु हुने दिन, दैनिक समयावधि, प्रशिक्षक तथा प्रशिक्षार्थीको विवरण तथा तालिम समापन हुने समयमा सो जानकारी गाउँपालिकामा अनिवार्य रुपमा उपलब्ध गराउन पर्नेछ ।

**१७. कार्यक्रमका लागि सहभागी छनौट**

तालीमका लागी सहभागी छनौट गर्दा यशोधरा गाउँपालिकासंगको समन्वयमा छनौट गर्नुपर्नेछ ।

**१७. पाठ्यक्रम**

यशोधरा गाउँपालिकाले निर्देश गरेको पाठ्यक्रम अनुसार तालिम कार्यक्रम संचालन गर्नु पर्ने छ ।

**१८. स्वास्थ्य मापदण्ड अपनाउनु पर्ने**

तालिम प्रदायकले कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको स्वास्थ्य सम्बन्धि मापदण्ड अपनाउनु पर्नेछ ।

**१९. प्रचलित कानुन अनुसार हुने**

कार्यक्रम कार्यान्वयन कार्य सर्त TOR तथा प्रस्ताव पत्र, २०८१ मा उल्लेख भएका कुराहरुको हकमा सोहि बमोजिम र सो बाहेक अन्य कुराहरुको हकमा प्रचलित ऐन कानुन कार्यविधि तथा मापदण्ड बमोजिम हुनेछ ।

## प्रस्ताव पेश गर्दा पालना गर्नुपर्ने शर्तहरु

१. प्राविधिक र आर्थिक प्रस्तावको प्रतेक पानामा परामर्शदाता संस्थाको कार्यकारी प्रमुखले सहि गरी संस्थाको छाप लगाएको हुनुपर्नेछ साथै पेश गरिएको प्रतिलिपी कागजातहरु परामर्शदाता संस्थाको कार्यकारी प्रमुखले दस्तखत तथा संस्थाको छाप लगाई प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

२. सम्बन्धित विषयमा संस्थासँग भएको भौतिक पूर्वधार, मेनेशिनरी औजार, कक्षा कोठा लगायतको विवरण पेश गर्नुपर्नेछ ।

३. सम्वन्धित विषयमा प्रशिक्षण दिने र सो कार्यमा संलग्न प्रशिक्षकहरुको योग्यता, अनुभव सम्वन्धि कागजात, TOR मा उल्लेख गरे अनुसार पेश गर्नुपर्नेछ ।

४. संस्था वा कम्पनी दर्ता, मू.अ.कर दर्ता, आ.व.२०८०/८१ सम्मको कर चुक्ता, नवीकरण र अध्यावधिक गरिएको कागजात र नवीकरण सम्वन्धि पेश गर्नुपर्नेछ ।

५. प्रचलित कानुन अनुसार कसुर नगरेको र कुनै पनि निकायमा कालो सूचिमा नपरेको स्व–घोषणा पत्र पेश गर्नुपर्नेछ ।

६. उपलब्ध गराईएको ढाँचा अनुसार तयार गरी प्राविधिक तथा आर्थिक प्रस्ताव छुट्टा छुट्टै पेश गर्नुपर्नेछ ।

७. उपरोक्त बमोजिम पर्न आएको प्राविधिक प्रस्तावको मूल्याङ्कन भार ८०% र आर्थिक प्रस्तावको मूल्याङ्कन भार २०% कायम गरी मूल्याङ्कन गरिनेछ ।

८ प्राविधिक र आर्थिक प्रस्ताव छुट्टा छुट्टै खाममा राखी सो खाममा विषय लेखि “आर्थिक प्रस्ताव” र “प्राविधिक प्रस्ताव” खुलाई अलग अलग शिलवन्दी गरी पुनः दुवै प्रस्तावित कार्यक्रमको विषय, प्रस्ताव दाताको नाम ठेगाना सहितको विवरण लेखि सूचनामा तोकिएको समयभित्र बुझाउनु पर्नेछ ।

९. प्राविधिक प्रस्ताव खामभित्र मुल्य वा आर्थिक प्रस्तावको कुनै पनि कुरा दर्शाउने व्यहोरा उल्लेख गर्न पाईदैन ।

१०. प्राविधिक प्रस्तावमा न्युनतम ६० अङ्क प्राप्त गर्ने संस्थाको मात्र आर्थिक प्रस्ताव खोलिनेछ । मूल्याङ्कन गर्दा गुणस्तर र लागत विधि अपनाईनेछ ।

११. आर्थिक र प्राविधिक प्रस्ताव सम्बन्धि कुनै दुविधा भएमा कार्यालय समय भित्र गाउँपालिकामा सम्पर्क गर्न सकिनेछ ।

१२. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट सोहि समय सम्म प्रस्ताव दर्ता गर्न सकिनेछ । प्रस्ताव खोल्ने समयमा प्रस्ताव पेश गर्ने संस्थाका प्रतिनिधिहरुको उपस्थिति नभएपनि प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

१३. अन्य कुरा एंव शर्त सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहित) एवं पछि सम्झौता हुँदाको शर्तमा उल्लेख भए बमोजिम हुनेछ ।

नेपाल सरकार
लुम्बिनी प्रदेश
यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली कपिलबस्तु

# पूर्ण साक्षरताको दिगोपन कार्यक्रम संचालनका लागी पेश गरेको

## प्राबिधिक प्रस्तावना

आ.व.२०८१/८२

तालिम संचालन गर्ने स्थानः

प्राबिधिक प्रस्तावना पेश गर्ने तालिम प्रदायक संस्थाको नामः

ठेगानाः

फोन नं.

CamScanner

१. संस्थाको नाम:

२. संस्थाको ठेगाना:

३. सम्पर्क व्याक्ति:

फोन नं.

ईमेल:

४. संस्था दर्ता प्रमाण पत्र, जारी मिति तथा नबिकरण

संस्था दर्ता:

संस्था दर्ता नं.

संस्था दर्ता मिति:

संस्था नबिकरण:

५. मूल्य अभिबृद्धि कर तथा लेखा नं. र जारी मिति

मूल्य अभिबृद्धि कर नं.

दर्ता मिति:

६. आ. व. २०८०/८१ को कर चुक्ता प्रमाण पत्र

आन्तरिक राजश्व बिभाग करदाता सेवा कार्यालय, . . . . . . . . . . . . . . . . . . को च.नं.

........ मिति ............ को पत्र

७. अन्य भए . . . .

CamScanner

८. जनशक्ति संरचना तथा कार्य बिभाजन

क) जनशक्तिको संरचना:

१. संस्था प्रमुखको नाम:

शैक्षिक योग्यता:

२. कार्यकारी अधिकृतको नाम:

शैक्षिक योग्यता:

३. प्रस्तावदाताको तर्फबाट मुख्य भई काम गर्ने व्याक्ति (कार्यक्रम व्यवस्थापक) को

नाम:

दर्जा:

शैक्षिक योग्यता:

ख) आर्थिक प्रशासन प्रमुखको

नाम:

दर्जा:

शैक्षिक योग्यता:

ग) कर्मचारी प्रशासन प्रमुखको

नाम:

दर्जा:

शैक्षिक योग्यता:

घ) तालिम संचालन गर्ने जनशक्ति (प्रशिक्षक) बिवरण

| क्र.स | प्रशिक्षकको नाम | बिषय | योग्यता | तालीम | अनुभव |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रशिक्षकको बिवरण अनुसुचीमा उल्लेख हुनु पर्ने छ।

CamScanner

९. प्रस्तावदाता (संस्था/फर्म/कम्पनी) ले सम्बन्धित विषयमा विगत आ.व.को अनुभव

| क्र.स. | विषय | तालीम दिएको प्रशिक्षार्थी संख्या | दाता | स्थान | आ.व. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुभवको विवरण अनुसुचीमा उल्लेख हुनु पर्ने छ ।

१०. भौतिक विवरण

| क्र.स. | विवरण | परिणाम | साईज | क्षमता | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| १. भौतिक पूर्वाधार | | | | | | |
| | भवन | | | | | |
| | तालिम हल | | | | | |
| | प्रयोगशाला कक्ष | | | | | |
| | शौचालय | | | | | |
| | आवास | | | | | |
| | | | | | | |
| | कम्प्युटर | | | | | |
| | कम्प्युटर | | | | | |
| | प्रिन्टर | | | | | |
| | स्क्यानर | | | | | |
| | प्रोजेक्टर | | | | | |
| | | | | | | |
| | टेवल | | | | | |
| | स्टुल | | | | | |
| | कुर्चि | | | | | |
| ४. अन्य | | | | | | |
| | | | | | | |

११. तालिम संचालनका लागी प्रस्ताव गरेको विषय, संख्या र स्थान

| सि.नं. | तालिमको विषय | संख्या | प्रस्तावित स्थान |
|---|---|---|---|
| १ | पूर्ण साक्षरताको दिगोपन कार्यक्रम | प्रत्येक वडामा २० जनाका दरले ८ वटा वडामा जम्मा १६० जना | प्रत्येक वडा |

## १२. कार्ययोजना तथा कार्यबिधि

### १. कार्ययोजना

- कार्य सम्पन्न गर्ने समयाबधि:
- जिम्मेबार ब्याक्ति:
- सहयोगी ब्याक्ति:
- सुचकांङ्हरु
- अपेक्षित परिणाम
- पारदर्शि श्रोत

### २. कार्यान्वयन पद्धति (Methodology)

- रणनीति तथा सामाजिक बजारिकरण
- सहभागी चयन
- स्थान व्यवस्थापन
- सुरक्षा उपाय र आपतकालीन तयारी
- कार्यान्वयन पद्धति
- प्रशिक्षण कार्यान्वयन विधि
- अनुगमन र कार्यसम्पादन मूल्याङ्कन पद्धति

CamScanner

नेपाल सरकार

लुम्बिनी प्रदेश

# यशोधरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बैदौली कपिलबस्तु

पूर्ण साक्षरताको दिगोपन कार्यक्रम संचालनका लागी पेश गरेको

आर्थिक प्रस्तावना

आ.व.२०८१/८२

तालिम संचालन गर्ने स्थानः

प्रस्तावना पेश गर्ने तालिम प्रदायक संस्थाको नामः

ठेगानाः

फोन नं.

CamScanner

# आर्थिक प्रस्तावना

कार्यक्रमको नाम:

तालिम संचालन गर्ने स्थान: यशोधरा गाउँपालिकाका प्रत्येक वडाहरु

समुह संख्या: ८ जम्मा सहभागी १६० जना

| क.स. | विवरण | जम्मा कबोल (अंक) रकम रु |
|---|---|---|
| १ | पूर्ण साक्षरताको दिगोपन कार्यक्रम | |
| | जम्मा रु | |
| | मू. अ. कर १३ % | |
| | कुल जम्मा (भ्याट समेत) रु | |
| अक्षेरुपी रु (भ्याट सहित) : | | |

आधिकारिक व्यक्तिको

प्रस्तावदाताको छाप

नाम थर:

पद:

हस्ताक्षर

CamScanner

आर्थिक प्रस्ताव पेश गर्दा ध्यान दिनुपर्ने कुराहरु

१. यस गाउँपालिकाबाट उपलब्ध गराईएको आर्थिक प्रस्तावको ढाँचा बमोजिमको विवरण प्रष्ट रुपमा बुझिने गरी भरी पेश गर्नु पर्ने छ ।

२. तालिम संचालनको कबोल अंक भर्दा संचालन गरिने तालिमको माथि उल्लेखित ढाँचा अनुसार एकमुष्ठ कबोल अंक भरी पेश गर्नु पर्ने छ ।

३. कबोल रकम दिईएको महलको निदृष्ट स्थानमा मात्र अंक र अक्षरमा प्रष्ट पारी केरमेट नगरी, केरमेट भए सहि छाप गरी पेश गर्नु पर्ने छ । माथी उल्लेखित महल बाहेक भिन्दै स्थानमा कबोल अंकलाई पुःन प्रभाव पों गरी कुनै कुरा उल्लेख गर्न पाईनेछैन र सो. मान्य पनि हुने छैन ।

४. अन्य कुरा एवं सर्त सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन सहति) एवं पछि सम्झौता हुदाँको शर्तमा उल्लेख भए बमोजिम हुनेछ ।

माथीका शर्तहरुसंग सहमत भई

दस्तखत गर्ने

नाम:

पद:

संस्थाको नाम:

संस्थाको छाप: